मधेश प्रदेश सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## राम कुमार शारडा उमा प्रसाद मुरारका प्रादेशिक अस्पताल

लहान, सिराहा

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८३/०६/१९)**

यस अस्पतालद्वारा संचालित सहुलियत दरको फार्मेसी सेवाको आ.व. २०८३/०८४ को लागी औषधी तथा सर्जिकल सामाग्रीहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म मु.अ. करमा दर्ता भएका सम्बन्धित कार्यका लागी सम्बन्धित निकायमा रजिष्टर्ड Manufacturing Company वा Super Dealer वा Suppliers बाट यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र निम्न शर्तहरु अधिनमा रहि दरभाउपत्र आह्वान गरिएको छ। विस्तृत जानकारीको लागी यस अस्पतालको जिन्सी शाखामा सम्पर्क गर्न सकिने छ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७(सात) दिनको मिति २०८३/०६/२५ गते सम्ममा यस कार्यालयको कार्यालय कोड नं. ३७००५१६०३२ र राजस्व शिर्षक नं.१४२२९ मा रु.१०००/- राजस्व बुझाइ (फिर्ता नहुने गरी) दरभाउपत्र दाताले यस अस्पतालबाट टेण्डर फारम खरिद गर्न सकिने छ।

२. इच्छुक फर्म, संस्था वा कम्पनीले दरभाउपत्र खरिद गर्दा आ.व. २०८३/०८४ को लागि नविकरण गरिएको फर्म संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, औषधि व्यवसायी प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण पत्र र स्थायी लेखा दर्ता प्रमाण पत्र तथा आन्तरिक राजस्व विभाग वा कार्यालयबाट आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु निवेदन साथ पेश गर्नुपर्नेछ।

३. सिलबन्दी दरभाउपत्र फारम दर्ता भएको दिनको २:०० बजे भित्र दरभाउपत्र दर्ता निजको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। निजहरु उपस्थित नभएपनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्र दाखिला र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन र सोहि समयमा हुनेछ।

५. दरभाउपत्र दाखिला गर्दा फर्म, संस्था वा कम्पनीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(२) अनुसार आ.व. २०८२/०८३ को लागि नवीकरण गरिएको फर्म, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, औषधी व्यवसाय प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता प्रमाणपत्र तथा खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको तथा औषधी व्यवसाय सम्बन्धी पेशा वा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व घोषणापत्र, दरभाउपत्र सम्बन्धित कागजातसंग सिलबन्दी गरी पेश गर्नुपर्नेछ। उल्लेखित कागजातहरु पेश नगर्ने दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

६. एक फर्मको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता हुने छैन।

७. थोक मुल्य भन्दा वढी मुल्य राख्न पाइने छैन।

८. दरभाउपत्र BOQ को आइटममा दररेट स्पष्ट रुपमा अंक वा अक्षर कुनै एउटामा भए मान्य हुनेछ। अस्पष्ट वा केरमेट गरिएका दररेटलाई अक्षरमा लेखिएकालाई मान्यता दिइनेछ।

९. दरभाउपत्र फारम भर्दा प्रत्येक आइटमको कबोल अंकका अलाबा आफुले अविच्छिन्न रुपमा उपलब्ध गराउनेछौं भनी प्रतिवद्धता पेश गर्नु पर्नेछ।

१०. प्रस्तावित सामानहरु खरिद इकाई समिति र बोलपत्र मुल्याङ्कन समितिले सिफारिस गरी स्वीकृत भएपछि मात्र खरिद प्रक्रिया गरिनेछ। सार्वजनिक खरिद ऐनको परिधिमा रहेर सामानको रेट, कम्पनी, ब्राण्ड वा वैकल्पिक आइटम खरिद गर्ने अधिकार प्रयाप्त रुपमा उल्लेख भएको हुनुपर्नेछ। सूचीमा उल्लेख भएका आइटम/औषधीको गुणस्तरमा कुनै शंका लागेमा नेपाल सरकारबाट मान्यता प्राप्त ल्याव बाट गुणस्तर परीक्षण गर्नुपर्नेछ। र त्यसमा लाग्ने खर्च दरभाउपत्र दाता स्वयंले वेहोर्नुपर्नेछ।

११. खरिद गर्ने औषधी तथा औषधी जन्य सामानको Expiry Date अस्पतालमा प्राप्त भएको मितिले १८ महिनाको हुनुपर्नेछ। Manufacturing Date, Expiry Date कम्तिमा ८० प्रतिशत म्याद बाँकी हुँदै फार्मेसीमा दाखिला हुनुपर्नेछ। सो भन्दा घटी अवधीका म्याद नाघेका, सडेगलेका टुटफुट भएका कमसल गुणस्तरका औषधी तथा औषधीजन्य सामानहरु कुनै पनि हालमा अस्पतालमा बुझिलिने छैन। मौज्दातमा बाँकी रहेको औषधी मध्ये Expiry हुने औषधीहरु सम्बन्धीत आपूर्तिकर्ताले फिर्ता लिइ सोही परिमानमा Replace गर्नुपर्नेछ।

१२. शर्त राखेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन। दरभाउपत्रमा Manufacturing Company वा Super Dealer वा Suppliers मात्र भाग लिन पाउने छन। औषधी तथा औषधीजन्य सामानहरुको दररेट थोक मुल्य भन्दा न्युन हुनु पर्नेछ।

१३. सम्पूर्ण औषधीहरु WHO/GMP Certified तथा सर्जिकल सामानहरु ISO Certified कम्पनीहरुबाट उत्पादित सामानहरुमात्र खरिद हुनेछ। नेपाल कम्पनीबाट उत्पादन नहुने औषधीको हकमा औषधी व्यवस्था विभागमा दर्ता भएका आयातित औषधी मात्र Supply गर्न पाइनेछ।

१४. पेश गरेको न्यूनतम दररेट स्वीकृत भए पश्चात सो दररेट पेश गर्ने औषधी उत्पादक र वितरकले अनिवार्य रुपमा सोही दरमा अस्पतालको माग अनुसारको आईटम सप्लाई गर्नुपर्नेछ।

१५. दरभाउपत्र सम्बन्धी अन्य जानकारी चाहिएमा कार्यालय समयभित्र यस अस्पतालको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ।

१६. अस्पताल फार्मेसीलाई आपूर्ति गरिने औषधी तथा औषधीजन्य सामग्रीहरु अस्पतालले आदेश गरेको ७(सात) दिन भित्र उपलब्ध गराउनु पर्नेछ।सम्झौता गरि औषधी तथा औषधीजन्य सामाग्रीहरु उपलब्ध गराउन आल्टाल गरिएमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम कालो सूचिमा राख्न सिफारिस गरि पठाइनेछ।

१७. यस सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

१८. बैंक जमानतको लागि प्रदेश धरौटी प्रदेश लेखा इकाइ कार्यालय, लहान, सिरहाको नाममा रा.वा. बैंक सिरहा, लहान शाखामा रहेको धरौटी खाता नं. २१३०१००२०२०३०००० नगदै जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य बैंक बाट ९० (नब्बे) दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानतपत्र। सिलबन्दी दरभाउपत्र दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

| S. N. | Purchasing | Particulars | Bid Security Amount | Bid Document fee | Bid Purchasing | Bid Submission | Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | R.K. PHL/SQ/3/ 2083/084 | Supply and delivery of Medicine and Surgical Goods For Hospital Pharmacy | 1,08,000/- | 1000/- | 2083/06/19 to 2083/06/25 | 2083/06/026 12 PM | 2083/06/26 2 PM |

**कार्यालय प्रमुख**